# डिभिजन वन कार्यालय रुकुम पश्चिमको एक कर्मचारी पाँच नमुना सामुदायिक वन उपभोक्ता समुह व्यवस्थापन रणनीति

सामदायिक वन व्यवस्थापन पद्धती रुकुम पश्चिम जिल्लाको सबैभन्दा बढी प्रभावकारी व्यवस्थापन पद्धति भएको भएतापनि यस जिल्लाका जम्मा ३८२ वटा सामुदायिक वन उपभोक्ता समुहहरुमध्ये हालको अवस्थामा अधिकांश भन्दा धेरै सामुदायिक वन उपभोक्ता समुहहरुको व्यवस्थापकिय पाटो अत्यन्त कमजोर अवस्थामा रहेको, सामुदायिक वनभित्र सुशासनको वारेमा सधै प्रश्नचिन्ह उब्जीरहने र सामुदायिक वनको काठदाउरा विक्रिवितरण प्रक्रिया तोकिएको विधिपुर्वक नभएको कारणले गर्दा सामुदायिक वनहरुको सबलिकरण र प्रभावकारी कार्यन्वयन गर्न डिभिजन वन कार्यालय रुकुम पश्चिमले आफ्नो आन्तरिक कर्मचारी परिचालनको लागि यो रणनीति तयार गरेको छ ।

**१. रणनीतिको नामः** एक कर्मचारी पाँच नमुना सामुदायिक वन उपभोक्ता समुह व्यवस्थापन रणनीति २०७९

**२. लागु हुने मितिः** यो रणनीति तुरुन्त लागु हुने छ ।

**३. कार्यक्रम कार्यन्वयन गर्नेः** रुकुम पश्चिम जिल्ला अन्रगतका ४ वटै सब-डिभिजन वन कार्यालयहरु

**४. अनुगमन गर्ने निकार्यः** डिभिजन वन कार्यालय

**५. अनुगमन गर्ने शाखाः** योजना तथा व्यवस्थापन (सामुदायिक वन)

**६. कार्यक्रम कार्यन्वयन विधिः**

(१) यो रणनीति अन्तरगत ४ वटै सब-डिभिजन वन कार्यालय अन्रगत रहेर काम गर्न सबै तहका कर्मचारीले चालु आर्थिक वर्षको फाल्गुन महिना भित्र एक जना कर्मचारीले कम्तिमा ५ (पाँच) वटा सामुदायिक वन उपभोक्ता समुहहरु व्यवस्थापन गर्नपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गरिने सामुदायिक वनहरुको विवरण सहितको सुची प्रत्येक कर्मचारीले डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

**७. सामुदायिक वन व्यवस्थापनको लागि गरिने मुख्य क्रियाकलापहरुः**

यस रणनीति बमोजिम सामुदायिक वन व्यवस्थापनको लागि देहायबमोजिमका क्रियाकलापहरु मुख्य रुपमा संचालन गर्नुपर्नेछ ।

क) सामुदायिक वन उपभोक्ता समुहको कार्यसमिति बैठक

ख) सामुयिक वन उपभोक्ता समुहको वार्षिक प्रगति प्रतिवेदन

ग) सामुदायिक वन उपभोक्ता समुहको वार्षिक लेखा परिक्षण

घ) सामुदायिक वनउपभोक्ता समुहको वार्षिक साधारण सभा तथा आम भेला

ङ) सामुदायिक वनबाट काठदाउरा विक्रिवितरण (सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्रिवितरण कार्यविधि २०७१ को पुर्ण पालना सहित)

च) खोटो लगायतका वन पैदावारहरु प्रचलित कानुन बमोजिम मात्र संकलन गर्ने ।

छ) सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नविकरण (आवश्यक परेको अवस्थामा मात्र श्रोत सर्वेक्षण कार्य गरी पठाउने)

**८. सामुदायिक वन उपभोक्ता समुह छनौट विधिः**

देहाय बमोजिमको प्राथमिकताको आधारमा गर्नुपर्नेछ ।

क) खोटो संकलन भएका सामुदायिक वन उपभोक्ता समुहहरु अनिवार्य रुपमा छनौट गर्ने ।

ख) वार्षिक रुपमा काठ संकलन तथा विक्रि वितरण भइरहेका सामुदायिक वन उपभोक्ता समुहहरु छनौट गर्ने ।

ग) सामुदायिक वन भित्र पर्यापर्यटन संचालन भएका र सम्भावित सामुदायिक वन उपभोक्ता समुहहरु छनौट गर्ने ।

घ) अन्य उत्पादनशिलताको हिसाबले महत्वपुर्ण सामुदायिक वन उपभोक्ता समुहहरु छनौट गर्ने ।

**९. रणनीति कार्यन्वयनको लागि न्युनतम आर्थिक व्यवस्थापनः**

यस रणनीति बमोजिम देहाय बमोजिमको खर्च रकम कर्मचारीहरुलाई डिभिजन वन कार्यालयले व्यहोर्ने छ । उक्त रकम कर्मचारीले सब-डिभिजन कार्यालयको सिफारिस सहित डिभिजन वन कार्यालयमा सम्बन्धित कागजातका साथ निवेदन दिई भुक्तानी लिनुपर्ने छ ।

*क) यातायात खर्चः* प्रचालित दररेटको आधारमा भाडादर

*ख) इन्धनः* सवारीसाधनको लगबुकको आधारमा (मोटरसाइकल मात्र)

*ग) खाजा खर्चः* उपस्थितीको आधारमा

*घ) स्टेसनरी खर्चः* आवश्यकता बमोजिम

**१०. उत्कृष्ठ कर्मचारी छनौट**

यस रणनीति बमोजिम सबैभन्दा प्रभावकारी व्यवस्थापन गर्ने कर्मचारीलाई डिभिजन वन कार्यालय रुकुम पश्चिमले आर्थिक वर्षका अन्तमा पुरस्कृत गर्नेछ ।